सूचना! सूचना!! सूचना!!!

२०८१/०२/२६
सुनील कुमार कर्ण
डिभिजनल वन अधिकृत

उपरोक्त सम्बन्धमा डिभिजन वन कार्यालय पर्सा अन्तर्गत वीरगंज महानगरपालिका वडा नं.३२ स्थित सबैया साझेदारी वन क्षेत्रमा पर्ने पूर्वमा रामवन बस्ती( रामवन शिव मन्दिर हुदैं दशविघा दलितमुक्ति विद्यालय देखी बारा पर्सा सिमाना छुट्याउने खोल्सी पुल सिमाना सम्मको राष्ट्रिय वनको भाग तथा भूपरिधि क्षेत्र), पश्चिममा सोलखपुर जाने बाटो(सबैया साझेदारी वन हुदैं सोलखपुर जाने बाटो सिमाना सम्मको राष्ट्रिय वनको भाग तथा भूपरिधि क्षेत्र), उत्तरमा दश बिगाहा फेन्स देखि भेडाहा खोला जाने बाटो( सबैया साझेदारी वन र वारा पर्सा छुट्याउने सिमानासम्मको राष्ट्रिय वनको भाग तथा भूपरिधि क्षेत्र) र दक्षिणमा टिक घारी(आवादी हुदैं शिव मन्दिर सिमानासम्मको राष्ट्रिय वनको भाग तथा भूपरिधि क्षेत्र) यति चार किल्लाको ५० हेक्टर वन क्षेत्रमा प्राकृतिक चिडियाखाना स्थापना हुने भएकोले उल्लेखित चार किल्लाको सिमानामा केही व्यक्तिहरुले वन ऐन नियम विपरित अनियमित रुपमा वन अतिक्रमण गरी घर छाप्रो टहरा बनाई बसेको, पसल संचालन गरेको तथा जग्गा खनजोत गरेको देखिन आएकोले यो सूचना टाँस भएको मितिले १५(पन्ध्र) दिन भित्र घर छाप्रो टहरा हटाई लैजान र वन क्षेत्रको जग्गा खाली गरि दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिमा नहटाई अटेर गरेमा घर छाप्रो टहरामा प्रयोग भएका काठ लगायतका मालवस्तु जफत गरी सो कार्यमा संलग्न व्यक्तिहरुलाई वन ऐन,२०७६ वन नियमावली,२०७९ बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ। तोकिएको समयभित्र घर छाप्रो टहरा हटाई लैजान हुन अनुरोध गरिन्छ ।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय
पर्सा, वीरगंज

डिभिजन वन कार्यालय, पर्सा
वीरगंज

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

वीरगंज, पर्सा

प.सं.०८०/०८१
च.नं. 1866

मितिः-२०८१/०२/२७

विषयः सूचना प्रकाशन गरेको सम्बन्धमा ।

**श्री वन तथा वातावरण मन्त्रालय, मधेश भवन,** जनकपुरधाम, धनुषा ।
**श्री वन तथा भू संरक्षण विभाग, बबरमहल,** काठमाण्डौं ।
**श्री प्रदेश वन निर्देशनालय, मधेश प्रदेश,** जनकपुरधाम, धनुषा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट प्रकाशित भएको १५ दिने सार्वजनिक सूचना प्रति -१ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागि सादर अनुरोध छ ।

2081/02/26
सुनील कुमार कर्ण
डिभिजनल वन अधिकृत